# गौरीगंज गाउँपालिकाको कृषि क्षेत्रका कार्यक्रमहरु सञ्चालन सम्बन्धि कार्यविधि-२०७७

गौरीगंज गाउँपालिका कृषि विकास शाखाबाट प्रदान गरिने प्रसार सेवा कार्यक्रम कार्यान्वयन कृषि प्रसार कार्यविधिको आवश्यकता महसुस गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गौरीगंज गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**उद्देश्य:-**

(१) निर्वाहमुखी कृषि पेशालाई आधुनिकीकरण गर्दै व्यवसायिक बनाई कृषकहरुको आय आर्जनमा वृद्धि तथा स्वरोजगार गराउनु ।

(२) वालीनालीको उत्पादन तथा उत्पादकत्व बढाउन उन्नत बीउ, कृषि सामाग्री, औजार उपकरण आदिमा अनुदान दिईने र खाद्यान्नमा आत्मानिर्भर गराईनेछ ।

(३) कृषि वालीहरुमा लाग्ने रोग किरा नियन्त्रणका लागि वाली संरक्षण सेवा संचालन गरिनेछ ।

(४) उत्पादित बस्तुको भण्डारण र बजारीकरणको व्यवस्थापन तथा प्रबर्द्धन गर्दै जानेछ ।

## १) कृषि व्यवसायको ऋणमा व्याज अनुदान कार्यक्रम :

व्यवसायिक कृषकहरुलाई कृषि पेशाबाट अझ बढि प्रोत्साहन गर्न र आय-आर्जनमा बृद्धि गर्नका साथै स्थानिय स्तरमा स्वरोजगार सृजना गरिनेछ ।

**१. नाम र प्रारम्भ** :- यो कार्यबिधिको नाम **कृषि व्यवसायको ऋणमा व्याज अनुदान कार्यक्रम संचालन कार्यविधि २०७७ रहनेछ ।**

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा, कार्यविधि भन्नाले व्यवसायिक कृषिमा ऋणको ब्याजमा अनुदान कार्यक्रम संचालन कार्यविधि २०७७ सम्झनु पर्छ ।

**३. कार्यक्रम :-** कार्यक्रम भनाले व्यवसायिक कृषिमा ऋणको ब्याजमा अनुदान कार्यक्रम सम्झनु पर्छ ।

**४. कार्यालय प्रमुख :-** कार्यालय प्रमुख भन्नाले सम्बन्धित कार्यालय प्रमुख सम्झनु पर्छ ।

**५. साझेदार :-** साझेदार भन्नाले कार्यक्रम संचालनमा छनौट भएका प्रस्तावक सम्झनु पर्दछ ।

**६. सम्बन्धित कार्यालय :-** सम्बन्धित कार्यालय भन्नाले कार्यक्रम सचालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्छ ।

**७. उद्देश्य :-**

- कृषि व्यवसायमा लागेका उद्यमिलाई सहयोग पुऱ्याउने ।
- स्वरोजगारको श्रृजना गर्नु ।
- कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
- कृषि जन्य उत्पादनको बजार बिस्तार गर्नु ।

**९. कार्यविधि**

- कृषि विकास शाखा बाट १५ देखि २१ दिनसम्मको सूचना प्रकाशित गरिनेछ ।
- प्राप्त आवेदनहरु मध्ये बाट गाउँपालिकाको कार्यपालिका बोर्ड र कृषि विकास शाखाले छनौट गर्नेछ ।
- छनौट भएका कृषकहरुले तोकिएको समय भित्र सम्झौता गर्नु पर्छ ।
- ऋणमा ब्याजको अनुदान कार्यक्रम तरकारी खेती, च्याउ खेती ,मौरी पालन तथा अन्य अन्न, फलफूल तथा नगदे बालीमा समेत अनुदान लिन सक्ने छन ।

- यस कार्यक्रममा बढिमा रु.५,००,०००।- सम्मको ऋणको ५ प्रतिशत (२५०००।-) प्रस्तावकले **ऋणको ब्याजमा अनुदान** पाउने छन ।
- प्रस्तावक व्यक्तिगत वा सामुहिक रुपमा फर्म दर्ता भएको हुनुपर्नेछ ।

## ९. ऋणको ब्याजमा अनुदान प्रवाहका सर्तहरु :-

- प्रचलित कानुन अनुसार स्थानिय तहमा दर्ता भएको हुनुपर्छ ।
- स्थाई बसोबास भएको ।
- साझेदार प्रस्तावकको व्यवसायिक पुर्वाधार भएको हुनुपर्नेछ ।
- अनुदानको रकम दुरुपयोग गरेको पाईएमा त्यस्ता अनुदान ग्राहिबाट सरकारी बांकी सरह प्रचलित कानुन बमोजिम अनुदान रकम असुल उपर गरिने छ ।

## १०. कार्यक्रम संचालन बारे जिम्मेवारी तथा दायित्व

१. कार्यक्रम कार्यान्वयनको शिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता अनुगमन र भुक्तानी सम्बन्धित जिम्मेवारी र दायित्व सम्बन्धित सरोकारवाला कार्यालयको हुनेछ ।

२. सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ । साझेदारले कार्यक्रम संचालनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्ने छन् ।

## ११. कार्यक्रम कार्यन्वयन प्रक्रिया

१. सम्बन्धित गाउँपालिका कृषि विकास शाखाले स्वीकृत वार्षिक कार्यक्रम मुताविक सूचना प्रवाह गरि प्रस्ताव आवह्रन गर्ने छ ।

२. कार्यक्रममा सहभागि हुन ईच्छुकले दिएको प्रस्तावमा रित पूर्वकको निवेदन, वडा कार्यालयको सिफारीस पत्र र अन्य आवश्यक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र कृषि विकास शाखामा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

३. प्रथम पटकको सूचनामा प्राप्त प्रस्ताव पर्याप्त नआएमा पून: दोश्रो पटक ५ देखि ७ दिनको सूचना प्रकाशित गरिने छ ।

४. रित नपुगेको प्रस्तावको कुनै कारवाहि हुने छैन ।

५. उपयूक्तताका आधारमा प्राप्त आवेदनहरुको छनौट, फिल्ड भेरिफीकेशन सिफारिसका लागि कृषि विकास शाखाले छनौट गरी गाउँ कार्यपालिकामा रित पुगेका प्रस्तावहरु अनुमोदनका लागि पठाउनेछ ।

## १२. सम्झौता

रित पुगि छनौट भएका प्रस्तावहरुलाई सम्झौता गर्न आउने सूचना दिने समयमा सम्झौता गर्न नआएमा बैकल्पिक उमेद्वारलाई दिइनेछ ।

## १३. भुक्तानी

- सम्झौता सकिए पछि कृषि व्यवसायको ऋणमा व्याज अनुदान कार्यक्रमको आवश्यक बैङ्किङ कागजात बुझाई कृषि विकास शाखाको सिफारीस तथा सम्बन्धित बैंक वा वित्तीय संस्थासँगको समन्वयमा चालु आर्थिक वर्षको अन्त्य सम्ममा भुक्तानि दिइनेछ ।

❖ भुक्तानि दिँदा नियम अनुसार कट्टी हुने कर कटाएर मात्र भुक्तानि हुनेछ ।

२) कृषि यान्त्रिकरण उपकरण/औजार वितरण

करिब दुई तिहाई जनसंख्या कृषि पेशामा निर्भर रहेको नेपालको कृषि प्रणालीमा अझै पनि न्यून मात्रामा कृषि यन्त्र उपकरणहरुको प्रयोग भएको पाईन्छ । स्वदेशमा रोजगारको अवसरहरु कम भएका कारण वैदेशिक रोजगारका लागि विदेश पलायन हुने युवाहरुको संख्या दिन प्रति दिन बढ्दो क्रममा रहेको कारणले कृषि व्यवसाय गर्ने जनशक्तिको अभाव पनि बढ्दो छ । कृषि व्यवसायलाई निर्वाहमुखी व्यवसायमा मात्र सिमित नराखि प्रभावकारी रुपमा व्यवसायिक एवम् प्रतिस्पर्धी बनाउनका लागि कृषि यन्त्र उपकरणहरु प्रयोग गर्न नितान्त आवश्यक भैसकेको छ । तसर्थ कृषि पेशालाई आधुनिकिकरण गरि व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन यान्त्रिकरण पद्दति कम अपनाईएका क्षेत्रहरुमा वाली तयारी देखि चुटानी सम्म प्रयोग हुने साना मेशिनरी औजार उपकरणहरुको सेटमा कृषकहरुको पहुँच बढाउन पावर टिलर ,धान काट्ने मेशिन (रिपर), मकै रोप्ने मेशिन, कर्न सेलर र सिल्पोनिक आदिमा अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले यस गौरीगंज गा.पा.कृषि विकास शाखाले कृषि यान्त्रिकरण कार्यक्रमलाई विशेष महत्व दिएको हो ।

**१. नाम र प्रारम्भः**

यो कार्यविधिको नाम “कृषि यान्त्रिकरण अनुदान सञ्चालन कार्यविधि २०७७” रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क) “कृषि यन्त्र उपकरण” भन्नाले यस कार्यविधि माथि उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई सम्झनु पर्दछ ।

ख) “उपभोक्ता” भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समुह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमी तथा व्यक्तिगत वा कृषकलाई सम्झनु पर्दछ ।

ग) “आपुर्तिकर्ता” भन्नाले कृषि उन्त्र उपकरण उपलब्ध गराउने कम्पनि ,वितरक, एजेन्ट डिलर आदिलाई सम्झनु पर्दछ ।

**उद्देश्यः-**

(क) विशेष गरी खाद्यान्न, तरकारी, फलफुल वाली लगायत अन्य कृषि जन्य वाली उत्पादनमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याउने ।

(ख) प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

(ग) युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने/गराउने ।

(घ) कृषिमा आधुनिकिकरण, व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

**कार्यविधिः-**

क) कृषि विकास शाखा बाट १५ देखि २१ दिनको सूचना प्रकाशित गरिनेछ ।

ख) पानी तान्ने मोटरको हकमा कम्तिमा १० कठ्ठा जग्गा भएका कृषकहरुले मात्र आवेदन दिन पाउने छन् र पावर टिलर र रिपरको हकमा कम्तिमा २ देखि ५ विगाह क्षेत्रफल भएका हुनु पर्नेछ । प्राप्त आवेदनहरुको फिल्ड अनुगमन गरी कृषि विकास शाखाले प्रतिवेदन पालिकालाई बुझाउने छ ।

ग) प्राप्त आवेदनहरु मध्ये बाट पालिकाको कार्यपालिका बोर्ड र कृषि विकास शाखाले छनौट गर्नेछ ।

घ) छनौट भएका कृषकहरुबाट उनीहरुले तिर्नुपर्ने अनुदानको रकम लिई उनीहरुलाई कृषि सामाग्री वितरण गरिने छ ।

**अनुदानमा वितरण गरिने कृषि यन्त्र/औजार उपकरण**

| सि.नं. | कृषि औजार उपकरण | अनुदान रकम (%) | कैफियत |
|---|---|---|---|
| १. | मकै छोडाउने मेशिन | ७५% | |

| | | | |
|---|---|---|---|
| २. | पावर स्प्रे ट्यांकी | ७५% | |
| ३. | सिंचाई मोटर | ६०% | |
| ४. | पावर टिलर | ५०% (रु. १ लाखसम्म) | |

**३.कृषक समुह गठन/ पुनर्गठन**

क) यस पालिकाका कृषकहरुलाई नयाँ समुहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरुले लक्षित स्थान क्षेत्रको विभिन्न ठाउँमा कृषक भेला गरि समूहको उपयोगिता बारे जानकारी गराईनेछ ।

ख) नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायको भेला गरी आवद्ध हुन आग्रह गर्ने र स्वस्फूर्त रुपमा गठन भई कृषि विकास शाखामा सम्पर्क गर्न आउने समूहहरुलाई समेत समेटि प्राविधिक सहयोग पुर्याईनेछ ।

ग) कृषक समूह गठन गर्दा एक घर परिवार बाट एक भन्दा बढि सदस्य नहुने गरी न्यूनतम १५ जना देखि २५ जना सम्म सदस्य रहने छन् । समूहका सदस्यहरुको नागरिकता प्रमाणपत्र र विधान वा नियमावली अनिवार्य पेश हुनुपर्नेछ ।

घ).कुनै स्थानमा पहिले देखि रहि रहेका कृषक समूहहरु छन् भने ति समूहहरुको पहिचान गरी पुर्नगठन गरिनेछ ।

ङ) प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए नवीकरण गरी पालिकाको कृषि विकास शाखाले समूहहरुको समूह विवरणको अभिलेख राख्नु पर्नेछ । यसका लागि कृषक समूहहरुलाई समूह विवरण फारम कृषि विकास शाखाबाट उपलब्ध गराईनेछ ।

**४. तालिम**

**१. गाउपालिका स्तरिय र स्थलगत कृषक तालिम**

क) कृषकहरुको ज्ञान, सीप अभिवृद्धि गर्नका लागि कृषिका विभिन्न विषय विशेष तालिमहरु पालिका स्तरमा तालिम संचालन गरिनेछ ।

ख) तालिममा पालिका भित्रका आवश्यकता अनुसारका कृषकहरु सहभागी हुनेछन् । सहभागी मध्ये ३३ प्रतिशत महिला सहभागिता गराईनेछ ।

ग) तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन ।

घ) तालिमका लागि सहभागी कृषक छनौट सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको समन्वयमा गरिनेछ ।

ङ) तालिम संचालन पालिकामा कार्यरत प्रा.स./ना.प्रा.स. तथा बाह्य विशेषज्ञहरुलाई प्रशिक्षकका रुपमा सहभागी गराइनेछ ।

च) तालिम संचालनका खर्चका शिर्षक र रकम नेपाल सरकारले तोकेको मापदण्डबमोजिम हुनेछ ।

**५.कार्यक्रम तर्जुमा गोष्ठी**

कृषिका कार्यक्रमहरु वास्तवमा सबै कृषकका लागि नै हुन्छन् । आवश्यकता अनुसार कृषकहरुलाई कृषि शाखामा भेला गराई कुनै खास वाली विशेष वा समस्या विशेष विषयलाई लिएर छलफल गरी समाधान खोज्न गरिने गोष्ठी नै कार्यक्रम तर्जुमा गोष्ठी हो ।

❖ **कार्यविधि-**

क) सर्वप्रथम के विषयमा कस्ता कृषकहरु समावेश गरी छलफल गर्ने हो अग्रिम रुपमा तयारी गरिनु पर्दछ ।

ख) अग्रिम सुचना प्रवाह गरिनु पर्दछ ।

ग) गा.पा. भित्रका सक्रिय सम्पूर्ण कृषक समुहहरु मध्येबाट कृषकहरु सहभागी गराई गोष्ठीको शुरुवात कृषि प्राविधिकबाट गरी कृषकहरुलाई छलफलमा अभिप्रेरित गर्दै सबैको सहभागी जुटाउनु पर्दछ ।

घ) अन्त्यमा केहि निष्कर्ष निकाली सोही अनुसारको आगामी आ.व.को कार्यक्रम तय गर्नु पर्दछ ।

**६.अन्तर जिल्ला कृषक अवलोकन भ्रमण**

कृषकहरुलाई वरपरका जिल्लाहरुका कृषि उपजहरुको उत्पादन स्थल वा फार्महरुमा भ्रमण गराई वाली उत्पादन कार्यक्रमसंग आवद्ध गराउन सकिनेछ । यस्तो भ्रमणबाट कृषकहरुले विभिन्न जिल्लाहरुका कृषि प्रविधिहरु बारे अवलोकन गरी सिक्ने मौका पाउँनुका साथ साथै नौलो उन्नत प्रविधि देखेर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न टेवा पुग्दछ ।

❖ **कार्यविधि-**

क) भ्रमणको लागि पढ्लेख गर्न जान्ने र देखेका प्रविधि सिक्न र अरुलाई पनि सिकाउने भावना भएका कृषक छनौट गर्नु पर्दछ ।

ख) भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थल) अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थलको सम्बन्धित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नु पर्दछ ।

ग) भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्दछ र अन्त्यमा समिक्षा गर्नुपर्दछ ।

❖ **अवधि-**

३ -५ दिन

❖ **सहभागी कृषक-**

आवश्यकता अनुसार अधिकतम् ३० देखि ४० जना सम्म ।

**७. किट विकास कार्यक्रम**

**१.च्याउ खेती विस्तार**

गौरीगंज गाउँपालिकाका कृषकहरु च्याउ खेती तर्फ आकर्षित भई व्यावसायिक रुपमा च्याउ खेतीमा स्वरोजगार समेत भई रहेको हुदा त्यस्ता उद्यमी कुषकहरुलाई र अन्य कृषकको समेत आवेदन अनुसार निःशूल्क च्याउको विउ वितरण गरिनेछ ।

क) कृषि विकास शाखाबाट च्याउको विउ वितरण सम्बन्धि सुचना प्रकाशित गरी प्लाष्टिक झोला सहितका च्याउको विउ वितरण गरिनेछ ।

**८.मसला बाली विकास कार्यकम**

**१.नगद प्रोत्साहन कार्यकम**

उत्पादन कम भई बाहिरी बजार बाट आयात हुने भएकाले स्थानिय स्तरमा उत्पादन बृद्धि गर्नका लागि मसला बाली अर्न्तगतका जीरा, धनीया, बेसार, अदुवा, लसुन र प्याज मध्ये कुनै १ बालि कम्तिमा न्यूनतम् २ कट्ठा क्षेत्रफल खेति गरेका कृषकहरुलाई नगद रु ५०००। प्रोत्साहन गरिने छ ।

❖ **कार्यविधि-**

क) कृषि विकास शाखाबाट १५ दिनको सूचना प्रकासित गरिनेछ ।

ख) प्राप्त आवेदनहरुको फिल्ड अनुगमन गरी कृषि विकास शाखाले आवेदन नामावली सहित प्रतिवेदन पालिकालाई बुझाईनेछ ।

ग) प्राप्त आवेदनहरु मध्ये बाट पालिकाको कार्यपालिका बोर्ड र कृषि विकास शाखाले छनौट गर्नेछ ।

घ) छनौट भएका कृषकहरुले बाली लगाउदा भएको खर्चको विल भरपाई (विउ, मलखाद, विषादि आदी) बाली देखिने फोटो, कृषि विकास शाखा र सम्बन्धित वडाको अनुगमन पश्चात वडा र सम्बन्धित शाखाबाट कार्यक्रम सम्पन्न सिफारिस र रकम निकासाको निबेदनका आधारमा अनुदानको प्रोत्साहन रकम वितरण गरिने छ ।

## ९.वाली विकास कार्यक्रम

### १.क्रप कटिङ्ग

विभिन बालीको उत्पादन सम्बन्धी आंकडा संकलन गर्ने विधि अपनाई गरिने बाली कटानलाई क्रप कटिङ्ग भनिन्छ । मुख्यतया यो कार्यक्रम बाली उत्पादनस्तर/दर अनुमान गर्न सञ्चालन गरिन्छ ।

❖ **उद्देश्य-**

क) कुन कुन बाली कति कति उत्पादन भयो भन्ने उत्पादनस्तर/दर निर्धारण गर्न आंकडा लिनु ।

### २) उन्नत बीउ कीट वितरण

कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानीय जातको बीउलाई सोही स्थानको हावापानीसंग मिल्ने अन्य कुनै ठाउँमा उन्नत बीउ किट वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

❖ **उद्देश्य-**

क) कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु ।

❖ **कार्यविधि-**

क) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको सूचना प्रकाशित गरिनेछ ।
ख) आवेदक कृषकहरु सम्पूर्ण कृषकहरुलाई समान रुपमा वीउ वितरण गरिनेछ ।

### ३) एक वडा एक बालि उत्पादन कार्यकममा सहयोग

गा.पा. भित्रका सम्पुर्ण वडाहरुलाई गहुं, तेलहन, तरकारी, सनपाट आदी मध्ये कुनै एक बाली उत्पादनमा पहिचान गर्नका लागि एक वडा एक बालि उत्पादन कार्यकममा संचालन गरिने छ ।

❖ **कार्यविधि-**

क) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको सूचना प्रकासित गरिनेछ ।
ख) कृषक समुहले मात्र आवेदन दिन पाउनेछ ।
ग) कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयबाट आवेदनहरुको फिल्ड अनुगमन गरी आवेदन नामावली सहित प्रतिवेदन पालिकालाई बुझाईनेछ ।
घ) सोहि आवेदनहरु मध्ये बाट पालिकाको कार्यपालिका बोर्ड र कृषि विकास शाखाले छनौट गर्नेछ ।
ङ) छनौट भएका कृषकहरुले बाली लगाउदा भएको खर्चको विल भरपाई (मलखाद, विउविजन, कृषि औजार तथा सिचाई सामाग्रि) बाली देखिने फोटो, कृषि विकास शाखा र सम्बन्धित वडाको अनुगमन पश्चात वडा तथा सम्बन्धित शाखाबाट कार्यक्रम सम्पन्न सिफारिस र रकम निकासाको निबेदनका आधारमा अनुदानको रकम वितरण गरिने छ ।

## १०.माटो सुधार कार्यक्रम

### क).माटो परिक्षण शिविर सञ्चालन :

योजनावद्ध रुपले खास ठाउँको माटोको समस्यालाई प्रस्ट्याउन अभियानको रुपमा माटो परिक्षण शिविर सञ्चालन गरिन्छ । यस्तो शिविर एक दिन सञ्चालन गरीने छ ।

❖ **उद्देश्य :**

(१) कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु ।

(२) बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिश गर्नु ।

❖ **कार्यविधि :**

(१) माथि उल्लेखित माटोको नमुना लिईने तरिका सम्बन्धि तालिम पश्चात कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको माटो संकलनका लागि सूचना प्रकासित गरिनेछ ।

(२) क्षेत्रीय माटो परिक्षण प्रयोगशालासंग सहकार्य गरि माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सहयोग लिइनेछ ।

(३) कृषि विकास शाखाले कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ ।

**ख) माटो सुधारका लागि कृषि चुन वितरण**

माथि उल्लेखित कार्य सम्पन्न गरीसके पछि माटो शिविरमा माटोको नमुना परिक्षण गर्ने कृषकहरुलाई निशुल्क कृषि चुन वितरण गरिनेछ ।

**ग) हरियो मल का लागि कोसेबालीका (ढैचा (घन्सी) ,मुङ) विउ वितरण**

माटोमा नाईट्रोजन तत्वको मात्रा कायम तथा सन्तुलन गर्न, बालीको उत्पादकत्वमा कमि आउन नदिनका लागि हरियो मल का लागि कोसेबालीका विउ वितरण गरिनेछ ।

❖ **कार्यविधि :**

(१) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको लागि सूचना प्रकाशित गरिनेछ ।

(२) कृषक समुहहरुले मात्र आवेदन दिन पाईने छ ।

(३) प्राप्त आवेदनहरु मध्ये बाट कृषि विकास शाखाले छनौट गरि कृषक समुहहरुलाई निशुल्क कोसेबालीका विउ वितरण गर्नेछ ।

**घ) सुक्ष्म खाद्यतत्व वितरण ,**

विभिन्न खाद्यन्न बालिहरुको उत्पादनमा वृद्धि गर्नका लागि सुक्ष्म खाद्यतत्व वितरण गरिनेछ ।

❖ **कार्यविधि :**

(१) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको लागि सूँचना प्रकाशित गरिनेछ ।

(२) कृषक समुहहरुले मात्र आवेदन दिन पाईने छ ।

(३) प्राप्त आवेदनहरु मध्ये बाट कृषि विकास शाखाले छनौट गरि कृषक समुहहरुलाई निशुल्क सुक्ष्म खाद्यतत्व वितरण गर्नेछ ।

**ङ). भकारो सुधार कार्यक्रम :**

यसमा गहुँत संकलन ट्यांकी निर्माण गरी यसको संकलन तथा संरक्षण गरिन्छ । गहुँतलाई बालीमा सोभै प्रयोग गर्ने तथा भकारोमा मिसाई गोठेमलको गुणस्तर बढाउने कार्य गरिन्छ । भकारोबाट गहुँत मिसाउनको अलावा गोठेमलबाट प्रमुख खाद्यतत्व मध्येको नाइट्रोजन तत्व नष्ट हुन नदिनको लागि छापो दिने, मल तर्काउने र चुहिएर तथा उडेर नोक्सान हुन दिनबाट जोगाउने गरिन्छ । यस अन्तर्गत वस्तुको लागि गोठ बनाउदा मुत्र नचुहिने अर्थात चुहिएर खेर नजाने खालको बनाउन कृषकलाई प्रेरित गरिन्छ । स्थानीय स्तरमा पाउने ढुंगा,वालुवा छपनी आदि प्रयोग गरी कृषककै सहभागितामा गहुँत बग्ने खालको गोठको भूई निर्माणमा जोड दिइन्छ साथै बगेको गहुँतलाई नली मार्फत संकलन ट्यांकमा जम्मा गर्न ट्यांक र नलीको व्यवस्था गर्न उत्प्रेरित गरिन्छ ।

❖ **उद्देश्य :**

गोठबाट गोबर तथा गहुँतलाई संरक्षण गरी गहुँतलाई सोभै बालीमा प्रयोग गर्ने तथा गोठेमलको रुपमा प्रयोगमा ल्याई मलको गुणस्तर बढाउने ।

❖ **कार्यविधि -**

(१) कृषि विकास शाखा बाट १५ देखि २१ दिनेको सूचना प्रकासित गरिनेछ ।
(२) प्राप्त आवेदनहरु मध्ये बाट पालिकाको कार्यपालिका बोर्ड र कृषि विकास शाखाले छनौट गर्नेछ ।
(३) पशुवस्तुको हकमा दुई या तीन माउ गाई ,भैसी हुनु **पर्ने ।**
(४) मुत्र संकलनको लागि गोठ सुधार (इटा, ढुंगा, वालुवा, सिमेण्ट आदिको प्रयोग गरी भुई ढलान गर्नु पर्ने ।
(५) गोबरमलको खाडल/थुप्रो माथि छहारीको व्यवस्था हुनु पर्ने ।
(६) साईनवोर्ड लगाउन पर्नेछ ।

## ११.वाली संरक्षण कार्यक्रम

### क).प्रागांरिक विषादी निर्माण प्रर्दशन

रासायनिक विषादीको न्युनिकरण गर्दै प्रांगारिक उत्पादनमा जोड दिनको लागि गाउँघर वरपर सर्व सुलव रुपमा नै पाईने विषेश गरी अमिलो, तितो, पिरो र टर्रो स्वाद भएका वनस्पतिहरुको कलिला मुना र पात लगायत गाई वस्तुका पिसाव ,आलो गोवर बाट विषादी तयार गरी समुहका कृषकहरुलाई समुहमा गई सैद्धान्तिक तथा प्रयोगात्मक विधिबाट देखाईनेछ ।

❖ **कार्य विधि-**

(१) कार्यक्रम संचालन गर्ने समुहमा २/४ दिन पहिले नै सूँचना गर्ने र वनस्पतीहरु र गाई वस्तुहरुको पिसावहरु संकलन गर्न लगाउने ।
(२) प्रत्येक समुहहरुमा ४/४ वटाका दरले प्लाष्टिकका ड्रम कृषि विकास शाखाले उपलब्ध गराउनेछ ।
(३) कृषि विकास शाखाका प्राविधिकहरुले प्रांगारिक विषादी कसरी तयार गर्ने विषयमा सैदान्तिक रुपमा व्याख्या गर्ने र त्यसैको आधारमा पछि प्रयोगात्मक गरेर देखाउने ।

### ख).आई.पि.एम. एप्रोच प्रदर्शन

बाली नालीमा खास गरी फल कुहाउने औंसा कीरा नियन्त्रण गर्न यो प्रदर्शन सञ्चालन गरिन्छ । यस प्रदर्शनमा केवल फेरोमन ट्रयाप मात्र नराखी कृषकबाट गर्न सकिने अन्य क्रियाकलापहरू जस्तैः खेतवारीको सरसफाई, उपयुक्त समयमा सिंचाई गर्ने, आवश्यक मलखाद प्रयोग गर्ने कार्यलाई पनि संगसंगै लगिन्छ । यस किसिमको एप्रोच प्रदर्शन कृषि विकास शाखाको सहभागितामा वा कृषक स्वयंबाट स्थापित नमूना बगैंचामा/तरकारी बारीमा यथा सम्भव सञ्चालन गर्न उचित हुनेछ ।

❖ **उद्देश्य-:**

विषेश गरि लहरे तरकारी वालीहरुमा लाग्ने फल कुहाउने औसा कीरालाई नियन्त्रण गर्नको लागि व्यावसायिक तरकारी खेती गर्दै आएका कृषकहरुलाई फेरोमिन ट्रयाप वितरण गरी गुणस्तरीय तरकारी उत्पादन गर्नमा टेवा पुऱ्यानु ।

❖ **कार्य विधिः**

तरकारी खेती गर्दै आएमा कृषकहरुलाई प्रति कठ्ठा ३ वटाका दरले निशूल्क फेरोमिन ट्रयाप वितरण गर्ने ।

### ग).आकस्मिक वाली संरक्षण सेवा

पालिका क्षेत्र भित्रका कुनै वालीहरुमा सक्रमण रोग तथा किराहरुको आकस्मिक प्रकोप भएमा रोग किराको पहिचान गरी नियन्त्रणको लागि विषादी अथवा सामाग्री वा दुबै खरिद गरी उपलब्ध गराउन सकिनेछ । साथै पालिका क्षेत्रका कुनै वडामा वाली उपचार शिविर (प्लाण्ट क्लिनिक) समेत संचालन गर्न सकिनेछ ।

## १२. वागवानी विकास कार्यक्रम

### क) उन्नत बीउ किट वितरण (तरकारी )

उपलब्ध स्रोत अनुसार जलवायु तथा माटो सुहाउदो कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि स्थानीय, उन्नत, हाईब्रिड जातको लोकप्रिय देखिएका तरकारी बीउलाई सोही स्थानको वातावरणसंग मिल्ने अन्य कुनै ठाउँमा विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

❖ **उद्देश्य-**

कृषकहरूलाई कुनै एक स्थानमा लोकप्रिय भएको तरकारी बीउलाई त्यस स्थानको आसपासमा जानकारीको लागि प्रसारण गर्नु ।

❖ **कार्यविधि-**

(१) तरकारी बीउहरू खरिद गरी स-साना प्याकेटमा प्याकेजिङ्ग गरेर कृषकहरूलाई वितरण गर्नुपर्दछ ।

(२) सम्वन्धित शाखाबाट सुचना प्रकासित गरी वितरण गर्ने ।

### ख) फलफूल बिरुवा वितरण

आयमूलक व्यावसायिक फलफूल बगैंचा स्थापना गर्ने उद्देश्यले पालिका भित्रमा आँप अनार,लिचि र कागती समेतका फलफूल बिरुवा वितरण गर्ने लक्ष्य रहेको छ । कृषकहरुलाई विशेष आर्थिक अनुदान सहुलियत दिई फलफूलको व्यावसायिक बगैंचा स्थापना गर्ने ।

❖ **कार्यविधि:**

(१) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको सूचना प्रकासित गरिनेछ ।

(२) प्राप्त आवेदनहरुको आधारमा कृषि विकास शाखाले फलफूलका बिरुवा वितरण गर्नेछ ।

### ग) व्यवसायिक तरकारी खेतिका लागि नगद प्रोत्साहन

❖ **उद्देश्य**

कम क्षेत्रफलमा तरकारी खेती गर्दै आएका कृषकहरुलाई व्यवसायिक खेति तिर उत्प्रेरित गरी स्थानिय स्तरमा उत्पादन बृद्धि गर्न व्यवसायिक तरकारी खेतिका लागि नगद प्रोत्साहन गरिने छ ।

❖ **कार्यविधि-**

(१) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको सूचना प्रकाशित गरिनेछ ।

(२) प्राप्त आवेदकहरुको फिल्ड अनुगमन गरी कृषि विकास शाखाले आवेदन नामावली सहित प्रतिवेदन पालिकालाई बुझाईनेछ ।

(३) प्राप्त आवेदनहरु मध्ये बाट पालिकाको कार्यपालिका बोर्ड र कृषि विकास शाखाले छनौट गर्नेछ ।

(४) छनौट भएका कृषकहरुले ५ देखि १० कठ्ठा क्षेत्रफलमा बाली लगाउदा भएको खर्चको विल भरपाई ( विउ, मलखाद, विषादि आदी) बाली देखिने फोटो, कृषि विकास शाखा र सम्बन्धित वडाको अनुगमन पश्चात वडा तथा सम्बन्धित शाखाबाट कार्यक्रम सम्पन्न सिफारिस र रकम निकासाको निबेदनका आधारमा कम्तिमा ५ देखि १० कठ्ठा क्षेत्रफलमा लागि नगद रु १५,०००। अनुदानको प्रोत्साहन रकम वितरण गरिने छ ।

### घ) बगर खेती अनूदान

एक सालको वर्षा मौसम सकिएपछि अर्को सालको वर्षा शुरु नहुन्जेल सम्म नदी तथा खोलाका आसपासका बगरहरु खाली रहेका हुन्छन् यसरी वर्षा यामपछि खाली रहने वगरको बालुवामा खरबुजा ,तरबुजा, कांका, करेला, फर्सि आदि तरकारीको खेति र प्रविधिको प्रयोग गरी खेती गरिने तरिकालाई बगर खेती भनिन्छ ।

❖ **उद्देश्य**

नदी तथा खोलाका आसपासका खेर गएका बगरहरुमा खरबुजा ,तरबुजा, कांक्रा, करेला, फर्सि बालीहरुको खेति गरि कृषकहरुको आर्थिक स्रोतमा टेवा पुऱ्याउन लागि विउविजन, विषादि, मल लगायतमा कृषक तथा कृषक समुहमा सहयोग गर्न सकिनेछ ।

❖ कार्यविधि-

(१) कृषि विकास शाखा बाट ७ देखि १५ दिनेको सूचना प्रकासित गरिनेछ ।

(२) प्राप्त आवेदकहरुको फिल्ड अनुगमन गरी कृषि विकास शाखाले छनौट गरी बगर खेतिका लागि आवश्यक विउ, विषादि वितरण गरिने छ ।